# दक्षिणकाली नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
फर्पिङ, काठमाडौं, बागमती प्रदेश, नेपाल


प.सं. : ०७७।७८
मिति:- २०७७।१०।२९

च.नं. : १८४८

विषय:- बेरोजगार दर्ता सम्बन्धमा ।

श्री सबै वडा कार्यालयहरु,
दक्षिणकाली नगरपालिका ।

श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयको च.नं. PMEP/२५८ मिति : २०७७/१०/२५ को पत्रानुसार रोजगारीको हक सम्बन्धी ऐन, २०७५, रोजगारीको हक सम्बन्धी नियमावली, २०७५ र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ (पहिलो संशोधन, २०७७ सहित) बमोजिम आगामी आर्थिक वर्ष २०७८/७९ मा न्यूनतम रोजगारीमा आवद्ध हुन चाहने बेरोजगार व्यक्तिले आफू स्थायी बसोबास गरेको स्थानीय तहको सम्बन्धित वडा कार्यालयमा **२०७७ फागुन महिनामा** निवेदन दिनु पर्ने व्यवस्था रहेकोले उक्त निवेदन लिने व्यवस्थाका लागि आवश्यक व्यवस्था मिलाउन तथा संलग्न अनुसारको सार्वजनिक सूचना वडा क्षेत्र भरी प्रवाह हुने व्यवस्था हुन अनुरोध गरिन्छ ।

प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तरगत न्यूनतम रोजगारी प्रदान गरी विपन्न तथा जीवनयापन जोखिममा परेका वर्गलाई सामाजिक सुरक्षाको दायराभित्र ल्याउन सहयोग पुऱ्याउने सोच रहेको छ । सोही बमोजिम बेरोजगार व्यक्तिको निवेदन संकलन गर्दा व्यक्तिका र निजका परिवारको यथार्थ र सम्पूर्ण विवरण संकलन गरी वास्तविक लक्षित वर्ग केन्द्रित कार्यक्रम सञ्चालन गर्न तपसिल बमोजिमको व्यवस्था तर्फ ध्यान दिई विवरण संकलन गर्नुहुन अनुरोध छ ।

<u>तपसिल</u>

१. निवेदन २०७७ फाल्गुण महिना भरी दर्ता गर्न सकिनेछ । पूर्ण रुपमा नभरेको निवेदन अस्वीकृत हुने भएकोले पूर्ण रुपले भरेको तथा सही गरेको निवेदन मात्र दर्ता गर्न हुन ।

२. यस कार्यक्रम अन्तरगत सञ्चालन हुने **न्यूनतम रोजगारीले गरिब तथा जीवनयापन जोखिममा परेका वर्गलाई सामाजिक सुरक्षा र संरक्षण दिने** उद्देश्य लिएको छ ।

३. निवेदनमा १(एक) प्रति पासपोर्ट साईजको फोटो टाँस गरेको हुनुपर्नेछ तथा परिवारका सबै सदस्यहरुको नागरिकताको प्रतिलिपी, नागरिकतामा निवेदकको स्थायी ठेगाना दक्षिणकाली न.पा. भन्दा अन्यत्र देखिएमा **विवाह दर्ता वा बसाई सराईको** प्रमाण पेश गर्नुपर्नेछ । न्यूनतम रोजगारीमा आवद्ध गर्ने लक्षित वर्ग गरिब तथा सामान्य जीवनयापनमा कठिनाई भएका नागरिक रहेकोले वैयक्तिक तथा पारिवारिक विवरणहरु (व्यक्तिगत विवरण, पारिवारिक विवरण, आय आम्दानी तथा अन्य पेशा व्यवसाय तथा राज्यका अन्य सामाजिक सुरक्षाका कार्यक्रममा आवद्ध भए नभएका आदी) संकलन गर्दा यथार्थपरक र पूर्ण विवरण भरेको हुनुपर्नेछ ।

.....................................
दिपक कुमार के.सी.
नि.प्रमुख प्रशासकीय अधिकृत


फर्पिङ, काठमाडौं, नेपाल, फोन नं.: +९७७ ०१ ४७१००२८
Email: info@dakshinkalimun.gov.np, Website: www.dakshinkalimun.gov.np

दक्षिणकाली नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
फर्पिङ, काठमाडौं, बागमती प्रदेश, नेपाल

# बेरोजगार दर्ता तथा न्यूनतम रोजगारीमा संलग्न हुनको लागि निवेदन दिने बारेको सूचना

रोजगारीको हक सम्बन्धी ऐन, २०७५, रोजगारीको हक सम्बन्धी नियमावली, २०७५ र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ (पहिलो संशोधन, २०७७ सहित) बमोजिम **आगामी आर्थिक वर्ष २०७८/७९** मा यस दक्षिणकाली नगरपालिकामा न्यूनतम रोजगारीमा (१०० दिनको रोजगारी) संलग्न हुन इच्छुक बेरोजगार **व्यक्तिहरुले २०७७ फाल्गुण महिनामा** आफूले स्थायी बसोबास गरेको वडा कार्यालयमा बेरोजगार व्यक्तिको सूचीमा सूचिकृत हुन सम्बन्धित वडा कार्यालयमा उपलव्ध फाराम भरी निवेदन दिनुहुन यो सूचना प्रकाशित गरिएको छ । पूर्ण रुपमा नभरिएको निवेदन स्वीकृत हुने छैन, सो का लागि व्यक्तिगत विवरण, पारिवारिक विवरण, आय आम्दानी तथा अन्य पेशा व्यवसाय तथा राज्यका अन्य सामाजिक सुरक्षाका कार्यक्रममा आवद्ध भए नभएको समेत यथार्थपरक र पूर्ण विवरण भरेको हुनुपर्नेछ ।

**नोट** :-

१. निवेदनका लागि एक प्रति पासपोर्ट साईजको फोटो र आफू लगायत परिवारका बालिग सदस्यहरुको नागरिकताको छायाँप्रति आवश्यक पर्नेछ । स्थायी ठेगाना द.न.पा. भन्दा अन्यत्र भएका निवेदकले विवाह दर्ता वा बसाई सराईको प्रमाण अनिवार्य रुपमा पेश गर्नुपर्नेछ ।

२. यस कार्यक्रम अन्तरगत सञ्चालन हुने न्यूनतम रोजगारीले गरिब तथा जीवनयापन जोखिममा परेका वर्गलाई सामाजिक सुरक्षा र संरक्षण दिने उद्देश्य लिएको छ ।

(दिपक कुमार के सी.)
प्रो.अ.तथा प्र.अधिकृत